चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०२/२८
बैठक संख्या : बाह्रौं (२०८१/०८२)

आज मिति २०८२ साल जेठ २८ गते बुधवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष, प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री प्रशान्त रिजाल | लेखा अधिकृत | |
| २० | श्री प्रकाश पन्थी | योजना अधिकृत | |

प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०२/२८
बैठक संख्या : बाह्रौं (२०८१/०८२)

**प्रस्तावहरु :**

१. सुरक्षित नागरिक आवास कार्यक्रम संचालन सम्बन्धमा।
२. एम्बुलेन्स चालकको सेवा, सुविधा तथा संचालन सम्बन्धमा।
३. योजनाको म्यादथप सम्बन्धमा।
४. सहायता रकम अनुमोदन सम्बन्धमा।
५. वडा कार्यालयको जग्गा सम्बन्धमा।
६. आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम एवम् बजेट सम्बन्धमा।

**निर्णयहरु :**

१. प्रस्ताव नं.१ उपर छलफल गर्दा यस गाउँपालिकामा संघीय शशर्त तर्फको संचालित नागरिक सुरक्षित आवास कार्यक्रम अन्तर्गत यस अघिको कार्यपालिकाको निर्णय बमोजिम वडा नं. १ वाट लाभग्राहीको नाम छनौट भएर नआएको हुँदा वडालाई यथाशिघ्र लाभग्राहि छनौट गरी संझौताको लागि पठाउन पत्राचार गर्ने साथै यस अघि संझौता भई प्रथम किस्ता लगेका तर हाल सम्म कार्यसम्पन्न नगरेका वडा नं. ५ का चुनबहादुर थापा/हरिकला थापा र वडा नं. ८ का लोकबहादुर कुमाललाई यथाशिघ्र कार्य सम्पन्न गरी बाँकी रकम भुक्तानीका लागि पत्राचार गर्ने।

२. माथिको प्रस्ताव नं.२ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं. ८ अन्तर्गत तुराङ्ग स्वास्थ्य चौकीको नाममा रहेको एम्बुलेन्सलाई संचालन गर्ने। जसका लागि सवारी चालकको हकमा दैनिक ७०० रुपैयाका दरले नवढ्ने गरी रुजु हाजिरीका दिनका आधारमा भुक्तानी गर्ने तथा निजलाई एम्बुलेन्सको संचालन मार्फत हुने मासिक आम्दानीको २५ प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने र आवास सुविधा समेत प्रदान गर्ने। साथै एम्बुलेन्सको कुल आम्दानीबाट चालकलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने २५ प्रतिशत रकम घटाई हुन आउने रकमबाट खर्च रकम कटाई प्राप्त हुने रकमलाई शत प्रतिशत मानी त्यसको २५ प्रतिशत गाउँपालिकाको खातामा जम्मा गर्ने तथा बाँकी रकम स्वास्थ्य चौकीको खातामा रहने गरी हाललाई संचालन गर्ने। यसरी एम्बुलेन्स संचालन गर्दा हुन आउने भाडा रकमलाई प्राप्त हुनासाथ स्वास्थ्य चौकीको खातामा जम्मा गरी अर्को महिनाको पहिलो हप्ताभित्र माथि उल्लेखित व्यवस्था अनुरुप खर्च र जम्मा गर्ने।

३. माथिको प्रस्ताव नं. ३ उपर छलफल गर्दा वडा नं. २ र वडा ५ को वडा कार्यालय भवनको निर्माण गर्ने निर्माण व्यवसायिको म्याद सकिएको र म्याद थपका लागि निवेदन प्राप्त भएको सन्दर्भमा उल्लेखित योजनाहरुको लागि मिति २०८२/०५/३० गतेसम्मका लागि म्यादथप गर्ने।

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत